हुन थालेको छ । यो क्रम विगत केहि बर्षयता बढ्दै गई मयूर लखेट्ने, मार्ने र अण्डा नोक्सान गरिदिने घटनाहरु समेत घटेका छन् । यदि यो समस्यालाई समयमानै गम्भिरतापूर्वक लिएर उचित व्यवस्थापन गर्न नसक्ने हो भने स्थानीयवासीले धार्मिक आस्था र सामुदायिक वन भएकै कारणले मात्र मयूरको संरक्षणका विषयमा सोच्नु भन्दा आफ्नो क्षति हुन नदिन लाग्ने अवस्था सृजना हुने र यसबाट मयूरको अस्तित्व माथि खतरा पर्न सक्नेछ ।


*प्राकृतकि वासस्थानमा भाले मयुर*

- **वन डढेलो नियन्त्रणः** विगतमा वन डढेलो नगन्य रुपमा मात्रै लागेको हुनाले मयूरको संख्यामा वृद्धि भएको भए पनि यो क्षेत्रमा वन डढेलो एक चुनौतीकै रुपमा रहेको छ । दक्षिण फर्केको साल लगायतका प्रजाति सहित खर घाँस र बाक्लो समेत रहेको वनमा डढेलोको जोखिम सधैं रहन्छ । यस्तो वनमा डढेलो लाग्ने हो भने निभाउन कठिन हुने र भयाबह रुप लिने हुनाले मयूरका गुणहरु (Nests) अण्डा र चल्लाहरु नस्ट हुने र संख्या ह्वात्तै घट्ने प्रबल सम्भावना रहन्छ । यदि नियमित रुपमा दुई वर्षमात्रै डढेलो लागेमा यो ठाउँमा मयूरको अस्तित्व नै संकटमा पर्न सक्ने देखिएको हुँदा वन डढेलोलाई ठुलो चुनौतीका रुपमा हेरिएको छ ।
- **चोरी शिकारीः** वरपरका गाउँहरुबाट मयूरको चोरी शिकार गर्न आउने एकाध घटनाहरुले लोपोन्मुख यो प्रजाति संरक्षणमा चुनौती थपिएको छ । वन गस्तिका क्रममा भेटिने पासोहरु, नोक्सान गरिएका गुणहरु (Nests) र कहिलेकाँही रातीको समयमा अपरिचित मानिसहरुको वन क्षेत्रमा भेटिने चहलपहलका आधारमा स्थानीयहरुले चोरी शिकारीलाई मयूर संरक्षणको चुनौतीका रुपमा लिएका छन् । मासु र प्वाँखका लागि युवाहरुले बन्दुक चलाउने, गुलेली चलाउने र पासो थापेर मयूरको शिकार गर्ने गरेको पाइन्छ ।
- **मयूरको संख्या व्यवस्थापन :** सानो क्षेत्रमा धेरै मयूर भए भनेपनि दिगो व्यवस्थापनका लागि चुनौती हुने गर्दछ । हाल अनुमान गरिएका ४०० देखि ५०० मयूरका लागि नै पनि यो वनक्षेत्र साँघुरो भएको रहेछ कि भनेर अनुमान गर्न सकिन्छ । वनक्षेत्र बाहिर खेतीबारी र बाटोघाटोमा आहारको लागि निस्कने मयूरको संख्या र पटक (Frequency) का आधारमा यो कुराको अनुमान लगाउन सकिन्छ । यदि यो क्रम बढ्न थाल्यो भने स्थानीय मानिसहरु र मयूरहरुका बीचको द्वन्द्व बढ्न गई संरक्षणमा चुनौती थपिन सक्दछ । त्यस्तै साँघुरो बासस्थान हुँदा अन्तः प्रजनन् (Inbreeding) हुने, प्रतिकुल वातावरण सहन गर्ने क्षमता कम हुने (high vulnerability) र विभिन्न खाले माहमारीको प्रकोप आई अस्तित्व संकटमा पर्ने सम्भावना रहेकोछ । यहाँको वनक्षेत्रमा कति मयूर भरपुर आहार र विहार सहित बस्न सक्दछन् (Carrying capacity) भन्ने यकिन नहुनु संरक्षणको चुनौती हो ।

## दिगो व्यवस्थापनका उपायहरु

- **के गरिएको छ ?** सामुदायिक वन व्यवस्थापनमा नियमित रुपमा गरिने प्राविधिक सहयोग बाहेक मयूर व्यवस्थापनमा जोड दिने खालका क्रियाकलापहरुमा सहयोग विगतका वर्षहरुमा गरिएका थिएनन् । आ. व. २०७८/७९ देखि वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षण कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयले यस क्षेत्रका मयूरको दिगो र पर्यटन प्रवर्द्धन उन्मुख व्यवस्थापनको पहल गरेको छ । मयूरले गर्ने बालीनालीको नोक्सानीका लागि राहत लगायत कृषिबाली विविधीकरणमा दिर्घकालिन सहयोगका लागि सामुदायिक वन उपभोक्ता समूहको नाममा रु ३ लाखको अक्षय कोषको स्थापना गरिएको छ । कोषबाट आउने वार्षिक ब्याजले उन्नत बिऊ वितरण, मयूरले मन नपराउने बालीको विकास, मयूरले मन पराउने सागपात र गेडागुडी वन क्षेत्रमा रहेका खालीठाउँहरुमा लगाउने र क्षतीपुर्तिको अन्य उपायहरु गर्ने लगायतका कार्यहरु गर्न सहयोग पुग्ने छ । त्यस्तै स्कूलहरुमा संरक्षण शिक्षा कार्यक्रम र मयूर अवलोकन टावर बनाउन पनि वन कार्यालयले सहयोग गरेको छ । यस क्षेत्रमा मयूर पर्यटनको विकासका लागि प्रचार-प्रसारका कार्यहरु पनि डिभिजन वन कार्यलयबाट शुरु भएको छ ।
- **के गर्नु पर्ने छ ?** यस क्षेत्रलाई दिर्घकाल सम्म मयूरको सुरक्षित बासस्थानको रुपमा व्यवस्थापन गर्न र मयूर पर्यटन मार्फत स्थानीयको आयआर्जनमा समेत सहयोग पुर्याउन निम्न कुरा गर्नु पर्ने देखिन्छ :-
- उस्तै भू-वनोट, वनस्पति र हावापानी भएपनि वरपरका अरु वन क्षेत्रमा नबसी यो क्षेत्रमा मात्रमयूर बस्नुका जैविक र पारिस्थितिकीय कारणहरु खोजिनु पर्दछ र त्यस्तो वातावरण दिर्घकाल सम्म कायम रहने गरी व्यवस्थापन गरिनु पर्दछ ।
- यहाँको बासस्थानमा कति मयूरहरु स्वस्थ रुपमा बस्न र हुर्कन सक्दछन् (Carrying Capacity) अध्ययन गरी सोही अनुसारको संख्या व्यवस्थापन गर्ने र बढी उत्पादन हुँदा बिक्री बितरण गर्ने व्यवस्था गर्ने ।
- किसानहरुको खेतीबारीमा मयूरले नरुचाउने र उत्पादन बढ्ने अन्न र नगदे बालीहरु लगाउने ।
- खेतबारीमा मयूर आउन नसक्ने जाली वा अन्य बारको व्यवस्था गर्ने ।
- किसानहरुको आयअर्जनका दायराहरु फराकिलो (विविधिकरण गर्ने) बनाउने। यसमा होमस्टे (Home Stay), पर्यटक गाइड तालिम, मयूरका झरेका प्वाँखहरु बाट सौन्दर्य मुलक बस्तुहरु बनाउने र बिक्री वितरण गर्ने ।
- वन डढेलो नियन्त्रण र चोरीशिकारी नियन्त्रणका लागि सरोकारवालाहरुको संयन्त्र बनाई कार्यान्वयन गर्ने ।
- सम्बन्धित सरोकारवालाहरु जस्तै वन उपभोक्ता, वन कार्यालय, स्थानीय सरकार लगायत वन र वन्यजन्तु संरक्षण र व्यवस्थापनका क्षेत्रमा काम गर्ने अन्य व्यक्ती/संघ/संस्थाहरुका बीच समन्वयात्मक संरक्षण र व्यवस्थापन कार्यको शुरुवात गर्ने ।

थप जानकारी आवश्यक भएमा **डिभिजन वन कार्यालय**, **रोल्पा**मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

# मयूर महिला सामुदायिक वन रोल्पाः मयूर पर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र





प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

**डिभिजन वन कार्यालय रोल्पा**

फोननं.:०८६-४४०११२, ९८५७८२४११२,९८५७८७७०१८
Email: dforolpa12@gmail.com | www.dforolpa.gov.np

## मयूर महिला सामुदायिक वन




*मयुर महिला सामुदायिक वनको अबस्थिती र पहुँच झल्कने गुगल तस्बिर*

रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिका वडा नं. २, महेन्द्री भन्ने स्थानको ३८ हेक्टर वनक्षेत्रमा मयूर महिला सामुदायिक वन अवस्थित छ। मयूर पाइने र महिलाहरु मात्रै व्यवस्थापन समितिमा रहने भएका कारण यो समूहको नाम मयूर महिला राखिएको हो। १०८ उपभोक्ता घरधुरी रहेको यो सामुदायिक वनमा मुख्य रुपमा साल, चिउरी, आँप र सिमलका रुखहरु, चुत्रो र वनमाराका झाडी र खरघाँस हुनेक्षेत्रहरु रहेका छन्। उपभोक्ताको खेतबारी र वस्तीवनको तल्लो भागमा छ भने गाउँबाट तल मादी खोला बगेको छ। दक्षिण पूर्व फर्किएको अग्लो पहाड घना वनले ढाकेको (सामुदायिक वन) छ र बीचबीचमा पानीका मुहान र खोला खोल्सीहरु रहेका छन्। दक्षिण पूर्व फर्केको भिरालो भू-बनोटको बीचबीचमा समथर जमीन पनि रहेकोछ जहाँ बस्ती र आवादी जग्गा रहेको छ। यो ठाँउको वन क्षेत्रमा मात्रै नभई खरघाँसका मैदान, खोला किनार, खेतबारी र झाडीहरुमा पनि मयूरका बथानहरु नजिकै र सजिलै देख्न पाइन्छ। बथानमा साना चल्ला पोथी र भालेहरु सँगै देख्न पाइनेछ भने भालेहरु एक्ला एक्लै पनि हिंडेको देखिन्छ। अंग्रजीमा भाले मयूरलाई पिकक (Peacock) र पोथीलाई पिहेन (Peahen) भनिन्छ। भाले मयूरको सुन्दर र निलो, हरियो तथा सुनौलो लगायतका रंगी-बिरंगी प्वाँखले बनेको पंखेटा र पूच्छर हुन्छ।

## पहुँच



*स्थानीयको खेतबारीमा देखिने मयूरको बथान*

भालुवाङ रोल्पा सडकको खुंग्री (भालुवाङ बाट ६८ कि.मी.) बाट पश्चिम उत्तर ६.५ कि.मि. दुरीमा यो सामुदायिक वन रहेको छ। खुंग्रीमा रहेको चोकबाट लिवाङ जाने बाटो छोडी दायाँतिर जाने मोटरबाटो सामुदायिक वन सम्मनै पुग्ने हुनाले पहुँच सजिलो छ। सदरमुकाम लिवाङबाट ४३ कि. मी. को दुरीमा रहेको छ। लिवाङ वाट १.५ घण्टाको ड्राइभिङमा यो सामुदायिक वनमा पुग्न सकिन्छ। खुंग्री बाट उक्त स्थानमा जान नियमित सार्वजानिक यातायात नभएका कारण आफ्नै साधन वा भाडाका साधानहरु लिएर जानु पर्ने हुन्छ।

## वासस्थान र संख्या



*नाचिरहेको भाले मयुरको सुन्दर तस्बिर*

रोल्पामा यो क्षेत्र बाहेक अन्यत्र नपाइने, पाइए पनि कुनै कुनै ठाउँमा कहिलेकाँही मात्रै देखिने तर यहाँ धेरै संख्यामा पाइने हुनाले यहाँको भू-बनोट, हावापानी र वनस्पति मयूर (Pavo cristatus) जातको चराको वासस्थानका लागि अति उत्तम रहेछ भन्ने बुझिन्छ। अंग्रेजीमा यो चरालाई इन्डियन पिफअल (Indian Peafowl) भनिन्छ। यो क्षेत्रमा पाइने भाले मयूरको तौल ५ के.जी. सम्म हुने स्थानीयको भनाइरहेको छ। पानी प्रचुर मात्रामा बाह्रै महिना पाइने, पहारिलो क्षेत्र, मानव बस्ती, र खेतीबारी समेत प्रशस्त रहेको हुनाले मयूरको अहारा खासगरी किरा फट्यांग्रा, फल, बालिनाली र घाँस समेतको उपलब्धता राम्रो हुने हुनाले यो क्षेत्रमा मयूर बस्ने गरेको होला भनि अनुमान गर्न कठिन छैन। यस क्षेत्रमा ४०० देखि ५०० सम्म मयूरको संख्या रहेको अनुमान छ। कुल मयूरको संख्या मध्ये करिब १०० वटा (२५%) भाले मात्रै रहेको अनुमान स्थानीयको छ। स्थानीयको खेत, बारी र घरगोठमा मयूरहरु आहाराको लागि बिहान बेलुका आउने गर्दछन्। तोरी, झिलङ्गे, गहुँ, सबैखाले सागपात, खुर्सानी, धान, चना, केराउ लगायतका बाली मयूरले मन पराउने हुनाले त्यस्ता बालीहरुको क्षति धैरै नै हुने गरेको स्थानीयको भनाइ रहेको छ।

पहाडका खोंचहरु, पानीका स्रोतहरु र खोल्सीहरुमा छेपारा, सर्प लगायत अन्य किरा फट्याङ्ग्राहरु प्रशस्तै पाइने हुनाले पनि यो ठाउँ मयूरको रोजाइको बासस्थान भएको हुनुपर्दछ। त्यस्तै, गुँण बनाउन (nesting) र अण्डा कोराल्न (hatching) का लागि चुत्रो र वनमाराका झाडीहरु मयूरको रोजाइमा पर्ने र यो स्थानमा त्यस्ता झाडीहरु प्रशस्तै पाइने हुनाले पनि मयूरको रोजाइको वासस्थान भएको हुनुपर्दछ। गाउँबस्ती सँगै जोडिएको वन भएको हुनाले स्थानीयहरु वनमा डढेलो लगाउदैनन्। विगत २५ वर्षको अवधिमा एक दुई पटक मात्र यहाँको वनमा आगो लागेको थियो। त्यसबेला मयूरहरु उडेर मादीखोला पारी पुगेका र केही महिनामा वनमा हरियाली बढेपछि पुनः फर्केर आएको स्थानीयहरु बताउँछन्।

## धार्मिक विश्वास

सानो क्षेत्रमा यती धेरै मयूर पाइनुमा यो क्षेत्र मयूरका लागि सुरक्षित रहेछ भन्ने बुझिन्छ। यसको प्रमुख कारण स्थानीयको धार्मिक विश्वास हो। यदाकदा मयूरको शिकार हुनेगरेको भएता पनि मयूर महिला सा.व.का उपभोक्ताहरुले मयूर मारेको वा यसका अण्डाहरु चोरेको घटनाहरु अगाडि आएका छैनन्। यहाँका मानिसहरु मयूरलाई कुमार देवको बहान भएको हुनाले यसलाई मारेमा पाप लाग्ने र यसको मासु खान नहुने भन्ने विश्वास रहेको पाइन्छ। मयूर घर वरपर आउदा घरमा सुखशान्ती आउँछ भन्ने आम विश्वास पनि यो क्षेत्रमा पाइनेछ। निकै पहिला देखि मयूर सँगै बस्दै आएकोले पनि होला यहाँका मानिसहरुले मयूरको शिकार गर्ने विषयमा सोच्न नसक्ने बताउँछन्। मयूरहरु बाटो तलमाथि चरिरहेका हुन्छन् र यहाँका मानिसहरु दाउरा घाँस गरिरहेका र केही नगरी हिंडीरहेका भेटिन्छन्। मयूरको रङ्गीचङ्गी प्वाँख धार्मिक उपचार विधिमा पनि प्रयोग गरिन्छ, साथै घर तथा मन्दिरलाई शुद्ध र चोखो राख्नको लागि पनि मयूरको प्वाँखलाई प्रयोग गरिन्छ।

## पर्यटनको सम्भावना



*अहाराका लागि खेतमा पसेको भाले मयुर*

मानव र सुन्दर पंक्षी मयूर बीचको सत्ययुगमा जस्तै लाग्ने पारिस्थितिकीय सहअस्तित्व को अनुभुती हुने मनोरम दृश्य, रंगीचंगी मयूरका बथानहरु अफ्नो प्राकृतिक वासस्थानमा विचरण गरिरहेको अवलोकन, विहान साँझ सुनिने मयूरका स्वरहरु र खेतबारीमा आएका मयूरका बथानलाई धपाइ रहेका केटाकेटी र त्यसरी धपाउँदा मयूरका बथान उडेका दृश्यहरु सबैले सुनिलस्मृति २, महेन्द्री स्थित यो सामुदायिक वन पर्यापर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र हो भन्ने सन्देश दिएको छ। विगत केही वर्ष देखि फाट्टफुट्ट रुपमा चरा अबलोकनगर्न रुचाउने व्यक्तीहरु र अनुसन्धानकर्ताहरु आउने गरेको स्थानीयहरु बताउँछन्। रोल्पाको लिवाङ, सुलिचौर, खुंग्री र प्यूठानको भिंग्री लगायतका ठाँउहरुबाट स्कूलका विद्यार्थी र युवा युवतीहरु कहिलेकाँही अवलोकन भ्रमणमा आउने गरेको स्थानीयले बताए पनि कुनै तथ्याङ्क भने राखिएको छैन। यो क्षेत्रको व्यापक प्रचार-प्रसार गर्ने, पर्यटकहरुलाई गाइड गर्ने, अवलोकन स्थानहरु तोक्ने र पर्यटकहरुका लागि विश्राम स्थल, खाजा खानाको व्यबस्था हुने गरी होमस्टे (Home stay) र नियमित सार्वजानिक यातायतको व्यवस्था हुन सकेमा पर्यापर्यटनको प्रचुर सम्भावना रहेको छ। होमस्टेमा स्थानीय कला संस्कृती र मयूर सँग जोडिएका किम्बदन्तीहरु समेत झल्कने किसिमका साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्न सकेमा बाहिरबाट आउने पर्यटकहरुको आकर्षण बढ्ने देखिन्छ।

## मयूर संरक्षणका चुनौतीहरु

स्थानीयको धार्मिक आस्था, मयूर संरक्षणमा उनीहरुको चासो र संलग्नता अनि सामुदायिक वनको प्रभावकारीताको कारण तत्काल मयूरको संरक्षणमा कुनै समस्या छैन कि जस्तो देखिएता पनि निम्न कुराहरुको समयमा व्यवस्थापन गर्न सकिएन भने यो ठाउँमा मयूरको अस्तित्व संकटमा पर्न सक्दछ।

- **मयूरबाट हुने खेतीवालीको नोक्सानी न्युनिकरण र क्षति व्यवस्थापनः** मयूरले सवै प्रकारका वाली र तरकारी खेती नोक्सानी गर्ने गरेको र त्यसकै कारण मयूर प्रती स्थानीयको नकरात्मक धारणा विकास हुँदै जान सक्ने खतरा महशुस